# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०३।३० गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, सबैला नगरपालिकाले आ.व. २०७७/०७८ मा कृषि प्रबर्द्धन कार्यक्रमको लागि विनियोजित रकम वडा अध्यक्षको नाममा बाख्रा फार्म दर्ता गरी अनुदान रकम दुरुपयोग गरेको, कृषि उपकरण खरिद र किसानलाई बासमती धानको वीउ वितरण कार्यक्रममा किसानलाई धानको वीउ वितरण नगरी अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा धनुषा, सबैला नगरपालिकाले आ.व. २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्राको साना व्यवसायिक कृषि उत्पादन पकेट विकास कार्यक्रम संचालन गर्नको लागि रु.१५,००,०००।—विनियोजन गरेकोमा नगरपालिकाले राष्ट्रिय दैनिक लगायतका कुनै पनि पत्रपत्रिकामा सूचना प्रकाशित गरेको नदेखिएको, राष्ट्रसेवक कर्मचारी र उक्त संस्थाका अध्यक्षसमेतले मिलेमतोमा कोभिड १९ को कारण देखाई अर्चना सहकारी संस्था लिमिटेड सबैला धनुषाको १ मात्र निवेदन पर्न आएको भनी नगरपालिकाको वडा नं. ३, ७ र ८ मा उक्त कार्यक्रम संचालन गर्न भ्याटसहित जम्मा रू.१५,००,०००।—मा अर्चना सहकारी संस्था लिमिटेड र नगरपालिका बीच मिति २०७८।०२।०५ गते सम्झौता भएको, उक्त संस्थासँग सम्झौता गरेपनि सबैला नगरपालिकाबाट बयर बोका, पाठी, खसी र च्यापकहर माग फारम, दाखिला रिपोर्ट झुट्टा तयार गरी उक्त कार्यक्रममा उल्लेखित पाठी, बोका, खसी, च्यापकहर लगायतका सामान वडा नं. ८ का तत्कालीन वडाध्यक्षले बुझेको भरपाईबाट देखिएको, अर्चना कृषि सहकारी संस्थाले खरिद गरेको भनिएका बोका, पाठी र डाले घाँस (खसी) कसलाई वितरण गरिएको हो भन्नेस्पष्ट विवरण नभएको, कार्यक्रम संचालन गर्ने अर्चना कृषि सहकारी संस्थाले राधा कृषि फर्मबाट खरिद गरेको भनेको बोका, पाठी र डाले घाँस उक्त संस्थाका संचालकले आफूले मिति २०७८।०३।२० गते जारी भएको बिलमा उल्लेख भए बमोजिम बोका, पाठी र डाले घाँस नबेचेको साथै आन्तरिक राजस्व कार्यालय जनकपुरको मिति २०८२।०१।२४ गतेको पत्र अनुसार आ.ब. २०७७।०७८ मा राधा कृषि फार्मले कुनै कारोबार नगरेको भनी उल्लेख भई आएको देखिंदा उक्त रकम कार्यक्रमका लागि बोका, पाठी, च्यापकहर, डाले घाँस (खसी) खरिद नगरी मिलोमतोमा झुट्टा विल भरपाई र गलत कागजात तयार गरी रु.१४,७७,५००।—हिनामिना हानिनोक्सानी गरेको पुष्टि भएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीउपर देहाय बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १ | सबैला नगरपालिकाका तत्कालीन इन्जिनियर **रंजित कुमार यादव**, तत्कालीन लेखापाल **शिव कुमार झा** र उक्त | रु.१४,७७,५००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) |

| | | | |
|---|---|---|---|
| | पालिकाकाका पशु सेवा शाखाका प्रमुख **राजकिशोर सल्हैता** | | को देहाय (घ) बमोजिम कैद सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ। |
| २ | सबैला नगरपालिका वडा नं. ८ का तत्कालीन **वडा अध्यक्ष दुर्गा प्रसाद राय** | रु.१४,७७,५००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूरमा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना सजाय हुन र ऐ.ऐनको दफा १७ बमोजिम विगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३ | अर्चना कृषि सहकारी संस्थाका अध्यक्ष **संजु कुमारी यादव** | रु.१४,७७,५००।— | मुख्य कसूरदारहरुले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ लिने प्रकृती मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई बिगो कायम गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम बिगो असुल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ४ | सबैला नगरपालिकाका तत्कालीन प्रशासकीय अधिकृत स्व. बालवीर ठाकुरको श्रीमती **पलवी ठाकुर** र छोरा **रौनित ठाकुर** | रु.१४,७७,५००।— | प्रतिवादी बालविर ठाकुरको मृत्यु भइसकेको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरी हानिनोक्सानी तथा हिनामिना गरेको विगो रकम सोही ऐनको दफा १७ बमोजिम असुल गर्ने प्रयोजनका लागि प्रतिवादी बनाइएका बालवीर ठाकुरको हक खाने श्रीमती पलवी ठाकुर र छोरा रौनित ठाकुर देखिंदा निजहरुबाट विगो असुल उपर हुन मागदावी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल